# आपूर्ति व्यवस्थाको हालको स्थिति
# (२०७७ असार १५)

## १. खाद्य पदार्थको मौज्दात अवस्थाः

| खाद्यपदार्थ | | खाद्य व्यवस्था तथा व्यापार कम्पनी | साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड | निजी क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|
| चामल (मे. टन) | जम्मा | १४,६४० | - | ६०,००० र धान ९८,०५४ | १,३७,८८५ धान कुटानी हुँदा समेत) |
| | दुर्गम जिल्ला | २,९५३ | - | | |
| नून (मे. टन) | जम्मा | - | १,२९,०७५.३० | - | १,३५,२८०.४ |
| | दुर्गम जिल्ला | - | २,७४८ | - | |
| चिनी (मे. टन) | | | २,०५५.०४२ | ३६,४६६ | ३८,५२१.०४२ |
| फापर (क्वी.न्टल) | | ६५ | - | - | ६५ |
| गहुँ मे.टन | | ५६० | - | - | ५६० |
| दाल तथा गेडागुडी (मे. टन) | | १२ | - | १६,०८१ | १६,०९३ |
| पिठो (क्वीन्टल) | | ८.३५ | - | - | ८.३५ |
| खाने तेल आयात प्रक्रियामा रहेको समेत (मे. टन) | | - | - | ८३,९६७ | ८३,९६७ |
| राहतका लागि खाद्यान्न (मे. टन) | | ७,६८७ | १,०९२ | - | ८,७७९ |

## २. पेट्रोलियम पदार्थ एवं एल.पि.ग्याँसको आयात तथा खपत विवरणः

| सि.नं. | पेट्रोलियम पदार्थ एवं एल.पि.ग्याँस | आयात २०७७/३/१४ कि.लि. | विक्री २०७७/३/१४ कि.लि. | मौज्दात २०७७/३/१५ कि.लि. |
|---|---|---|---|---|
| १ | डिजेल पाइपलाइनबाट जुन १७-२४,२०२० मा ५९,७५५ कि.लि. आयात भएको छ। | ५,२४८ | ७,५६२ | ३८,८८० |
| २ | पेट्रोल | १,५०० | १,४९८ | ६,५१२ |
| ३ | मट्टीतेल | ६० | १४४ | १,५११ |
| ४ | हवाइ इन्धन | २० | ३१ | ५,४२१ |
| | जम्मा | ६,८२८ | ९,२३४ | ५२,३२३ |
| ५ | एल.पि.ग्याँस | १४३२ मे.टन | | |

- पेट्रोलियम पदार्थको आयात र विक्री वितरण घटेको छ। खाना पकाउने एल.पि.ग्याँसको दैनिक आयात विवरण माग भन्दा बढी रहेको छ।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा १४,६४० मेट्रिक टन चामल (जसमध्ये २ ,९५३ मेट्रिक टन दुर्गमका जिल्लाहरूमा समेत) , ६५१.५१क्वीरण्टल फापर र ५००.५२ क्वी ण्टनल सिमी मौज्दात रहेको छ।यसैगरी १२ मेट्रिक टन दाल र ५५० मेट्रिक टन गहुँ खरिद भई मौज्दात रहेको छ। धान र गहुँको खरिद कार्य प्रक्रियामा रहेको छ।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट उपत्यकाका रामशाहपथ , नख्खु, थापाथली, भक्तपुर र ललितपुर स्थित विक्री केन्द्रहरुका साथै घुम्ती

सेवा पसल (मोवाइल भ्यान) र अनलाइन मार्फत उपभोक्ताको माग अनुसार खाद्य पदार्थ विक्री वितरण भईरहेको छ।

- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट देशका ८ वटा अंचल कार्यालय सहित आधुनिक चामल कारखाना, राजापुर, देशका विभिन्न स्थानमा रहेका २६ वटा शाखा कार्यालयका साथै दुर्गम जिल्लाहरुका विभिन्न स्थान स्थित ५९ वटा डिपो कार्यालय /विक्री केन्द्र एवं सहकारी /डिलरहरु समेतबाट खाद्यान्न (चामल) विक्री वितरण भइरहेको छ।
- साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका विभिन्न जिल्ला स्थित २४ वटा कार्यालयहरु र तिनबाट नियुक्त डिलरहरुका साथै देशका विभिन्न दुर्गम स्थानमा रहेका ५७ डिपो र विक्री केन्द्रहरुबाट उपभोक्तालाई सरल , सहज र सुपथ मूल्यमा आयोडिनयुक्त नून विक्री वितरण भई रहेको छ।
- साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडबाट ललितपुर , कालीमाटी , सतुंगल , कोटेश्वर, भक्तपुर र बनेपा स्थित विक्री केन्द्रका घुम्ती सेवा पसल (मोवाइल भ्यान) मार्फत जनघनत्व र उपभोक्ताहरुको माग भएका स्थानहरुलाई प्राथमिकता दिई उपत्यकाका बिभिन्न स्थानहरुका साथै अनलाइनबाट खाद्यान्न विक्री वितरण भइरहेको छ।
- साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँग २०५५.०४२मेट्रिक टन चिनी र १,२९,०७५.३० मेट्रिक टन नून (आयात प्रक्रियामा रहेको समेत) मौज्दात रहेको छ। दुर्गम जिल्लाहरूमा २,७४८मेट्रिक टन आयोडिनयुक्त नून मौज्दात रहेको छ।निजी चिनी उद्योगहरुसँग ३६ ,४६६ मे .टन चिनी मौज्दात रहेको छ।
- निजी क्षेत्रका उद्योगहरूसँग ६० ,००० मेट्रिक टन चामल , ९८,०५४ मे.टन धानको चामल ६३ ,२४५ मे.टन गरी जम्मा १ ,२३,२४५ मे.टन

चामल मौज्दात रहेको छ। यसैगरी कृषक तथा उद्योगहरूसँग धान मौज्दातमा रहेकाले चामल उत्पादन गर्न समस्या रहेको छैन।

- निजी क्षेत्रका व्यापारीसँग दाल, केराउ र चना गरी १६ ,०८१ मेट्रिक टन मौज्दात रहेको छ।
- तेल उद्योगहरूसँग पाम आयल १०० .८ मेट्रिक टन, पामोलिन २८६८.३ मेट्रिक टन, सोयाबिन तेल १८२९.९ मेट्रिक टन, सूर्यमुखी तेल १३६४.५ मेट्रिक टन मौज्दात रहेको छ भने ६८८३ .८ मेट्रिक टन तेल आयातको क्रममा रहेको छ।यसैगरी कलकत्तामा ५३ ,२६३.६ मे.टन तेल मौज्दात रहेको छ।यस्तै क्रुड तेल १७,६५६.४४ मे.टन मौज्दात रहेको छ।

३. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले विभिन्न् जिल्लाका पालिकाहरूलाई राहत स्वरुप करिब ७,६८७मे.टन चामल १०% छुटमा बिक्री वितरण गरेको छ।

**४. खाद्य पदार्थको आयात अवस्थाः**

- असार १४ गते ४,३८० मेट्रिक टन खाद्यान्नट, १,६४४ मेट्रिक टन दलहन, १,३६५ मेट्रिक टन तरकारी, ३६१ मेट्रिक टन फलफूल, रु. ३,६८,८४,००० बराबरको औषधीको कच्चाटपदार्थ र रु. ३,८१,४५,००० बराबरको तयारी औषधी आयात भएको छ।

  तलको तालिकामा आयातको परिमाण देखाइएको छ।

| मिति | खाद्यान्नक (मे.टन) | दलहन (मे.टन) | तरकारी (मे.टन) | फलफूल (मे.टन) | दुग्धजन्य (मे.टन) | औषधी कच्चापदार्थ (रु. '०००) | तयारी औषधी (रु. '०००) |
|---|---|---|---|---|---|---|---|
| चैतमहिना (११- | ४६,८३१ | १६,१९२ | २६,०९० | ६,५२८ | ८० | १२७,७५७ | ६९०,११६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३०) | | | | | | | |
| बैशाख महिना (१-३१) | १२०,४४४ | २८,३८१ | ३८,६६६ | १७,५७३ | ११,०५० | ४३४,१४५ | १,९२४,८८१ |
| जेठ महिना (१-३२) | १४५,६०६ | ३३,६५४ | ३४,६१७ | १५,३४७ | १,१८१ | ७७४,७१५ | १,९५७,९९६ |
| असार १-७ | ४३,७९७ | ९,३२६ | ६,५१० | २,७५५ | ११८ | १४१,८५० | ४२७,३९२ |
| असार ८ | ४,९८७ | १,९६७ | ८८९ | २७३ | - | ११,५९० | २९,०६५ |
| असार ९ | ३,९८१ | १,११४ | १,४१३ | ३९४ | १४ | १,६३,१० | ३,२०,४० |
| असार १० | ५,३६६ | १,६१५ | १,०२१ | २४२ | - | ६,१७,१५ | ६,९६,०३ |
| असार ११ | ५,७२० | १,५३३ | १,४८२ | २४८ | १७ | ८७,१७ | १६,१८,५० |
| असार १२ | ५,५७० | २,१९६ | १,५४७ | ४७३ | - | ३,७८,९० | ६,४१,०३ |
| असार १३ | ४,१८९ | ५३५ | १७२ | १३६ | - | २,७७,२८ | ८,७९,३६ |
| असार १४ | ४,३८० | १,६४४ | १,३६५ | ३६१ | - | ३,६८,८४ | ३,८१,४५ |
| कुल जम्मा | ३,९०,८७१ | ९८,१५७ | १,१३,७७२ | ४४,३३० | १२,४६० | १,६७,९३,०१ | ५,४८,३१,२७ |

- लकडाउन शुरु भएपछि २०७६ चैत ११ देखि २०७७ असार १४ सम्मको ९७ दिनमा ३,९०,८७१ मेट्रिक टन खाद्यान्न, ९८,१५७ मेट्रिक टन दलहन, १,१३,७७२ मेट्रिक टन तरकारी, ४४,३३०

मेट्रिक टन फलफूल, १२,४६० मेट्रिक टन दुग्धजन्य पदार्थ, रु. १,६७,९३,०१,००० बराबरको औषधीको कच्चारपदार्थ र रु. ५,४८,३१,२७,००० बराबरको तयारी औषधी आयात भएको छ।

- असार ११ गते तयारी औषधीको आयात उच्च भएको छ। लकडाउन शुरु भएको दोस्रो हप्ता (चैत १८ देखि २४) र आठौं हप्तान (बैशाख ३० देखि जेठ ५) को पूरै हप्ता मा आयात भएको तयारी औषधीभन्दा बढी यो एकै दिन आयात भएको छ।

- मासिक रूपमा हेर्दा चैतको तुलनामा बैशाख र बैशाखको तुलनामा जेठमा आयात बढेको छ। तर तरकारी, फलफूल र दुग्धजन्य पदार्थको आयात भने बैशाखको तुलनामा जेठमा घटेको छ।

- जेठ महिनाको दोस्रो हप्तालमा आयातीत तरकारी र फलफूलको उपभोग नगर्ने भनी केही भन्सार नाकाहरूमा भएको अवरोधले गर्दा आयातमा कमी आएको थियो। त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्राकलयले कृषि तथा पशुपन्छी मन्त्राकलय, कृषि सहकारीहरू र स्थानीय तहसँग समेत समन्वय गरी काठमाडौं उपत्यका नजिकका कृषकहरूबाट तरकारी बजारसम्म ल्याउन सहजीकरण गरेका कारण पनि आयात कम हुन गएको थियो।

- दुग्धजन्य पदार्थको आयात भने बैशाख ५ गते एकै दिन १०,८४८ मेट्रिक टन आयात भएकोले बैशाखमा अत्यधिक आयात भएको देखिन्छ। त्यसपछिका दिनहरूमा भने दुग्धजन्य पदार्थको आयात कम नै भइरहेको छ।







५. रसुवागढी नाकाबाहेक अन्य सबै सीमानाकाहरूबाट सामान आइरहेका छन्, ढुवानी भइरहेको छ। रसुवागढी नाका समेत खोल्नेद सम्बन्धमा चीन सरकार सकारात्मक भई पत्र पठाएको छ। असार १० गते स्थानीयस्तरमा दुवै देशका सम्बन्धित अधिकारीहरूको वार्ता भएको छ।

- असार १३ गतेको स्थिति यसप्रकार छ।

| स्थान | एकाई | भित्रिएको | बाहिरिएको | बाँकी |
|---|---|---|---|---|
| वीरगञ्जक ICP | ट्रक | ३३५ | ३८३ | ३८३ |

| | | | | |
|---|---|---|---|---|
| वीरगञ्जक ICD | TEUs | ० | ९० | २३६६ |
| भैरहवा | ट्रक | ४८० | २९० | ३५७ |
| विराटनगरICP | ट्रक | ३२४ | ३२९ | २३९ |
| विराटनगरICD | ट्रक | ० | ० | १ |
| काकरभित्ता | ट्रक | १३ | ४ | २६ |
| तातोपानी | ट्रक | ४ | २८ | ३० |